bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
# भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com

वर्ष ४० अंक २९८ | २०७८ चैत्र ०७ गते सोमबार, नेपाल सम्वत् ११४२ March 21, 2022 | पृष्ठ ४ | मूल्य : रू. ५/-

# महोत्सवका नाममा जुंगाको लडाई र राजनीतिक खिचातानी

## करिब नौ सय मिटरको दुरीमा एकै मितिमा शुक्लागण्डकीको खैरेनीटारमा दुई वटा महोत्सव आयोजना

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको शुक्लागण्डकी नगरपालिकामा दुई संस्थाले एउटै मितिमा महोत्सव आयोजना गरी जुंगाको लडाई लडिरहेका छन् । आयोजकको गतिविधिलाई नियाल्दा महोत्सवको नाममा राजनीतिक खिचातानी प्रष्टरूपमा देखिन थालेको छ । वि.सं. २०६३ सालदेखि चैते दशै पर्वलाई लक्षित गरी खैरेनीटारमा मेला महोत्सव सञ्चालन हुँदै आएको छ। विश्वभर महामारिकै रूपमा फैलिएको कोभिड-१९ संक्रमणका कारण विगत दुई वर्ष सञ्चालन हुन नसकेका मेला महोत्सव अहिले धमाधम हुन थालेका छन् । यही मेसोमा खैरेनीटारमा एउटै मितिमा दुई वटा महोत्सव गर्ने गरी जोडतोडका साथ तयारी थालिएको छ ।

शुक्लागण्डकी उद्योग वाणिज्य संघले यही चैत्र २४ देखि २०७९ वैशाख ५ गतेसम्म वडा नं. ६ को खैरेनीटार बजारमा 'शुक्लागण्डकी महोत्सव-२०७८' आयोजना गरेको छ । यस्तै, यही मितिमा करिब नौ सय मिटरको दुरीमा शुक्लागण्डकी नगर उद्योग वाणिज्य संघ, खैरेनीटार बजार इकाई समिति र शुक्लागण्डकी नगरपालिका आयोजक रहि 'शुक्लागण्डकी खैरेनीटार महोत्सव-२०७८' आयोजना गरिएको छ ।

यस अगाडि तनहुँ उद्योग वाणिज्य संघ अन्तर्गत रहेको खैरेनीटार बजार इकाइले चैते दशैं पर्वलाई लक्षित गरी खैरेनीटार महोत्सव गर्दै आइएको थियो । मुलुक संघीय संरचनामा गएसंगै अहिले शुक्लागण्डकी नगरपालिकामा शुक्लागण्डकी उद्योग वाणिज्य संघ र शुक्लागण्डकी नगर उद्योग वाणिज्य संघ नामक दुई संस्था खडा गरिएको छ ।







राजनीतिक खिचातानीका कारण साविकको खैरेनीटार बजार इकाईमा आबद्ध व्यवसायी अहिले दुई धारमा विभाजित हुन पुगेका छन् । शुक्लागण्डकी नगर उद्योग वाणिज्य संघ मातहातमा रहेको खैरेनीटार बजार इकाई र शुक्लागण्डकी उद्योग वाणिज्य संघले एकै मिति चैत्र २४ देखि वैशाख ५ गतेसम्म खैरेनीटारमै महोत्सव गर्ने तयारीमा जुटेका छन् । एकातिर दुई उद्योग वाणिज्य संघको गठन र अर्कोतर्फ कोरोना संक्रमणका कारण दुई वर्षसम्म रोकिएको खैरेनीटार महोत्सव अब कुन संस्थाको नेतृत्वमा सञ्चालन गर्ने भन्ने विषय पेचिलो बन्दै गएको छ। यी दुई संस्था र नेतृत्व गर्ने व्यक्तिहरू बीच अहिले जुंगाको लडाईमात्र होइन राजनीतिक खिचातानी र दाउँपेच प्रष्ट रूपमा देखिन पुगेको छ।

शुक्लागण्डकी उद्योग वाणिज्य संघले चैते दशै र नयाँ वर्ष २०७९ लक्षित गरी महोत्सव सञ्चालनको तयारी गरेको अध्यक्ष हरिकुमार

बाँकी तेश्रो पेजमा

# म्याग्देको छाङपाटन मोटरमार्गमा कालोपत्र

**भञ्ज्याङ समाचारदाता/म्याग्दे**

तनहुँको म्याग्दे गाउँपालिका-५ स्थित छाङपाटन मोटरमार्ग कालोपत्र भएको छ। गाउँपालिकाले रू ७० लाखको लागतमा उक्त मोटरमार्ग कालोपत्र गरेको हो । एक हजार १५० मिटर सडक कालोपत्र गरिएको वडाध्यक्ष शिवबहादुर आलेले बताए ।

मोटरमार्ग कालोपत्र नहुँदा धुलाम्य बाटो भएर यात्रा गर्न सर्वसाधारणलाई सास्ती हुँदै आएको थियो । मोटरमार्ग कालोपत्रे भएसँगै सर्वसाधारणलाई आवतजावतका लागि सहज भएको छ । मोटरमार्ग कालोपत्र भएसँगै नयाँबस्ती, भिरूबास, हटियालगायतका ठाउँका सर्वसाधारण लाभान्वित भएका छन्।

कालोपत्र भएको मोटरमार्गको शनिबार शुभारम्भ गर्दै गाउँपालिकाका अध्यक्ष मायादेवी रानाले गाउँपालिकामा पूर्वाधार निर्माणलाई प्राथमिकता दिइएको बताइन् । सडक, खानेपानी, बिजुली, स्वास्थ्य, शिक्षालगायतलाई प्राथमिकतामा राखेर गाउँपालिकाले काम गरिरहेको उनले बताइन् ।

गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले सबै वडामा विकास निर्माणका काम भएको बताउँदै स्थानीय तहमा निर्वाचित भएको पाँच वर्षको अवधिमा देखिने काम गरेको बताए ।

# जोशीले व्यास नगर प्रमुखमा उम्मेदवारी दिने

**भञ्ज्याङ समाचारदाता/दमौली**

नेपाली कांग्रेसका पूर्व सहमहामन्त्री गोविन्दराज जोशीका छोरा दीपकराज जोशीले तनहुँको व्यास नगरपालिका प्रमुखमा उम्मेदवारी दिने भएका छन् । कांग्रेसबाट आधिकारिक उम्मेदवार बन्ने अवस्था नबने स्वतन्त्र उम्मेदवार बन्ने जोशीले बताए । 'व्यास नगरपालिकाको मेयरमा उम्मेदवार पार्टीले नै उम्मेदवार बनाओस् भन्ने चाहना हो,' जोशीले भने, 'नचलेको पसल लिएर सुधार्न खोजेको हुँ । कांग्रेसले उम्मेदवार नबनाए पनि म पछि हट्दिनँ ।'

तनहुँमा कांग्रेस नेता रामचन्द्र पौडेल र गोविन्दराज जोशीको द्वन्द्व छ । पौडेलका कारण कांग्रेसप्रति वितृष्णा जागेका कार्यकर्तालाई आफूतिर तान्न सकिने उनको आकलन छ। आफ्नो




उम्मेदवारीमा बुबाको खासै चासो नभएपनि शुभेच्छा भने रहेको उनले सुनाए । आसन्न निर्वाचनमा विजयी हुनेमा आशावादी देखिएका जोशीले पराजित भए पनि तनहुँमै सेवा गर्ने बताए । व्यास नगरपालिकामा गत निर्वाचनमा नेता रामचन्द्र पौडेल निकट बैकुण्ठ न्यौपाने निर्वाचित भएका थिए। यता, संघीय निर्वाचनमा तनहुँ क्षेत्र नं. १ बाट चुनावी मैदानमा उत्रने तयारीका साथ नेता जोशीले अहिले गृहजिल्लामा चरणवद्ध रूपमा आफु निकटका नेता तथा कार्यकर्ता बीच भेटघाट, घरदैलो अभियान चलाउँदै आएका छन् ।

'मलाई कांग्रेसले आधिकारिक उम्मेदवार बनाए पार्टीबाटै उठ्छु,' जोशीले भने, 'कांग्रेसले उम्मेदवार नबनाए स्वतन्त्र उम्मेदवार बन्छु।'

१९९७ मा अध्ययनका लागि अमेरिका गएका उनी १७ वर्ष त्यहाँ बसेर फर्किएका हुन् । टेलिकम्युनिकेशन इन्जिनियर जोशीले काठमाडौंमा एक निजी कलेजमा आवद्ध छन् । जनताको समस्या र त्यसको समाधान गर्ने भिजन भएकाले नै मेयरमा उम्मेदवार बन्न लागेको उनले सुनाए । कांग्रेसलाई थोत्रो पसलको संज्ञा दिंदै उनले त्यसलाई सुधार्न चाहेको बताए ।

# निर्वाचन प्रचारमा विद्यालय, शिक्षक र विद्यार्थीको प्रयोग गर्न नपाइने

**प्रकाश सिलवाल/काठमाडौं**

विगतका निर्वाचनमा दलहरूले प्रचारप्रसारका क्रममा विद्यालय, शिक्षक र विद्यार्थीलाई दुरूपयोग गरेका प्रशस्तै समाचार सञ्चारमाध्यममा आउँथे। त्यसबारे शिक्षामा कार्यरत नागरिक संस्था र शिक्षाविज्ञले ध्यानाकर्षणसहित पटक-पटक आवाज उठाउँथे तर खासै सुनुवाइ हुँदैनथ्यो । आसन्न स्थानीय तहको निर्वाचन-२०७९ देखि भने त्यस्तो अवस्था कम हुने सकारात्मक सङ्केत देखिएको छ। आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि निर्वाचन आयोगले हालै जारी गरेको 'निर्वाचन आचारसंहिता-२०७८' मा 'कुनै सरकारी कार्यालय वा सामुदायिक विश्वविद्यालय वा सामुदायिक विद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचनसम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने' व्यवस्थाले शिक्षालयमा दलगत राजनीतिक हस्तक्षेप रोक्न कडाइ गरेको छ ।

निर्वाचन आयोग ऐन, २०७३ बमोजिम आयोगले यही चैत ३ गते नेपाल राजपत्रमार्फत जारी गरेको सो आचारसंहिता यही चैत १५ गतेदेखि लागू हुँदैछ । आचारसंहिताको परिच्छेद २ को 'ग' अनुसार 'कुनै सरकारी कार्यालय वा सामुदायिक विश्वविद्यालय वा सामुदायिक विद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचनसम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने' व्यवस्था कायम गरिएको हो । परिच्छेद ४ को 'ट' ले राजनीतिक दल, उम्मेदवार वा दलका भातृ संगठनले १८ वर्ष पूरा नभएका बालबालिकालाई चुनावी प्रचारप्रसार। धर्ना जुलुस, आमसभामा प्रयोग गर्न नपाइने स्पष्ट व्यवस्था गरेको छ ।

सोही आचारसंहिताको परिच्छेद २ को 'छ' अनुसार १८ वर्ष पूरा नभएका बालबालिकालाई निर्वाचन प्रचारप्रसारमा प्रयोग गर्न वा गराउन नहुने, परिच्छेद ३ को ९ अनुसार सामुदायिक विद्यालयका शिक्षकले कुनै पार्टीको प्रचारप्रसार गर्न नपाउने, विद्यालयको भवन दलगत प्रयोग गर्न दिन नहुने, शिक्षकहरूले सामाजिक सञ्जाल प्रयोग गरेर पनि दलगत पक्षधरता लिन र मत माग्न नपाइने उल्लेख गरिएको छ।

आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले आचारसंहिताको अनुगमनका लागि केन्द्रस्तरमा एक आयुक्तको संयोजकत्वमा उच्चस्तरीय अनुगमन समिति र जिल्लास्तरमा पनि अनुगमन समिति तथा केन्द्रबाट नेपाल सरकारका सचिवस्तरको नेतृत्वमा विशेष अनुगमन टोली खटाइने बताउनुभयो । आचारसंहिताको उलङ्घन भएको उजुरी प्राप्त भएमा त्यसको अध्ययन गरी कारबाही गर्न आयोगले उचित निर्णय लिने उहाँले जनाउनुभयो ।

विद्यालयमा मतदान केन्द्र (बुध) पनि नराख्न आउने गरेका

बाँकी तेश्रो पेजमा




# सम्पादकीय .........

www.bhanjyangnews.com

## अलपत्र खानेपानी आयोजना

सुखाग्रस्त क्षेत्रका रूपमा लिएको तनहुँको भानु नगरपालिका वडा नं. १३ मिर्लुङ र सतिस्वाँरा लगायतका गाउँबस्तिमा खानेपानीको सहज आपूर्ति गर्ने लक्ष्यका साथ सञ्चालन गरिएको खानेपानी आयोजना अलपत्र बनेको छ । तीन वर्षभित्र आयोजना सम्पन्न गर्नुपर्नेमा ६ वर्ष वित्तिसक्दा पनि घरघरका धारामा पानी खस्नुको सट्टा बनाइएका संरचनाहरू समेत भत्कन थालेका छन् । साविक मिर्लुङ्ग र सतिस्वाँरा गाविसको उच्च भागका बसिन्दाले हिउँद लागेसंगै झेल्नुपर्ने पानीको समस्या समाधानका लागि भन्दै आर्थिक वर्ष २०७२/०७३ सालमा विद्युतीय लिफ्ट प्रविधिको खानेपानी आयोजना निर्माण कार्य अगाडि बढाइएको थियो । हाल कायम गरिएको भानु नगरपालिका-१३ र व्यास नगरपालिका-९ का बासिन्दालाई खानेपानीको सहज पहुँच पुऱ्याउने लक्ष्य भएपनि अहिले यो आयोजना अलपत्र अवस्थामा पुगेको छ। उच्च पाहाडी भू-धरातलका बस्तिमा पानीको स्रोत अभाव हुँदा स्थानीयले आफ्नो दैनिकी खानेपानीको जोहो गर्नमै बिताउनु पर्ने बाध्यता छ । यो बाध्यतालाई अन्त्य गराउने लक्ष्यका साथ मिर्लुङ्ग-सतिस्वाँरा विद्युतीय लिफ्ट खानेपानी आयोजना निर्माण कार्य अगाडि बढेसंगै सहजै खानेपानी उपभोग गर्न पाइन्छ कि भन्ने आशामा बसेका गाउँलेहरू अहिले निराश छन् । तीन वर्षभित्र घरघरमा खानेपानीको धारा आउँछ भनिएपनि छ वर्ष बित्तिसक्दा पनि पानीको समस्या समाधान हुन सकेको छैन । मिर्लुङको बासपानी, टुटेपानी, ठूलोढुङ्गा, पर्यौंस्वारा, पोखरीछाप, मियाँगाउँ, समजुर, तारूका लगायतका गाउँमा हिउँद लागेसंगै खानेपानीको अभाव खड्किन्छ। एक गाग्री पानीको जोहो गर्न स्थानीयले घण्टौ समय खर्चनुपर्ने बाध्यता छ । शिक्षा, स्वास्थ्य, खानेपानी, सडक लगायतका आधारभूत आवश्यकता सहज नहुँदा बसाईसराइका कारण यी गाउँ उजाडिदै गएका छन् । आयोजना सुरू गर्नु पूर्व स्थानीय उपभोक्तालाई आयोजनाका बारेमा बुझाउन नसक्नु, समयमै आवश्यक बजेट प्राप्त नहुनु, उपभोक्ताको लागत सहभागिता जुट्न नसक्नु, मुहानदेखि पानी संकलनको मुख्य ट्याङ्कीसम्म विस्तार गरिएको पाइपलाइन र ट्याङ्कीमा बाढीपहिरोले पुऱ्याएको क्षतिका कारण आयोजना प्रभावित भएको छ।

मुहानदेखि मुख्य ट्याङ्कीसम्मको करिब चार किलोमिटर दुरीमा चार स्टेपको लिफ्ट प्रविधिबाट पानी वितरणका लागि पाँच वटा ट्याङ्की निर्माण गरिएको छ । करिब १५० घर धुरीमा धारा समेत जडान गरिएको हुँदा बाढीपहिरोले पाइप र ट्याङ्कीमा पुऱ्याएको क्षतिको मर्मत सुधार भएमा तिहार लगत्तै पानी वितरण गर्न सकिने अवस्था भएपनि यस तर्फ सम्बन्धित निकायको ध्यान पुगेको देखिदैन । कृपा कन्स्ट्रक्सन भरतपुर चितवनले आयोजनाको पहिलो चरणको कामको जिम्मा लिएको छ भने दोश्रो चरणको कामको जिम्मा गण्डकी निर्माण सेवा नेपालगञ्ज बाँकेले लिएको छ । यी निर्माण व्यवसायीले तोकिएको समयमै काम सम्पन्न नगर्दा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय तनहुँले तेश्रो पटक समय थप गर्ने तयारी गरेको छ । भानु-१३ स्थित खरस्याङ्ग खोला, सिस्ने मुल र देउराली खोलाको पानी विद्युतीय लिफ्ट प्रविधिबाट करिब ४ किलोमिटरको उचाईमा निर्माण गरिएको मुख्य ट्याङ्कीसम्म पानी पुऱ्याएर वितरण गरिने छ । निर्माण गरिएका ट्याङ्कीमा एक पटक पानी खसालेर परीक्षण गरिएपनि ट्याङ्कीमा पानी नअडिएपछि कामको गुणस्तरीयतामा पनि प्रश्न उठेको छ। केन्द्रीय सरकारले सुरू गरेको यो आयोजना अहिले प्रदेश सरकार मातहत आएको छ । समयमै आवश्यक बजेट पाउन नसकेको र आर्थिक वर्ष २०७६/०७७ मा प्रदेश सरकारको विशेष कार्यक्रम अन्तरगत राखेर बजेट माग गरिएको छ । जटिल प्रकृतिको आयोजना भएको र प्रयाप्त बजेट समेत नआएको हुँदा समय लागि रहेको बताउने गरिएको छ । खानेपानी आयोजनामा आर्थिक वर्ष २०७७/०७८ सम्म २ करोड १३ लाख ७० हजार रूपैयाँ खर्च भइसकेको छ । आयोजना पूर्णरूपमा सम्पन्न हुन करिब २ करोड ५० लाख रूपैयाँ बजेट आवश्यक पर्ने भएपनि प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ६० लाख रूपैयाँ मात्र बजेट विनियोजन गरेको छ । २ करोड ५७ लाख ९१ हजार उपभोक्ताको लागत सहभागिता सहित १२ करोड ८९ लाख ९८ हजार रूपैयाँ आयोजनाको लागत स्टमेट निकालिएको छ । मिर्लुङकोट, शहीदगाउँ पुलिमराङ्ग लगायतका ऐतिहासिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक क्षेत्रले भरिपूर्ण र ग्रामीण पर्यटकीय क्षेत्रका रूपमा विकास हुँदै गएको यस क्षेत्रमा खानेपानीको सहज पहुँच नहुँदा धेरै जसो गाउँ बसाई सराइका कारण उजाडिदै गएका छन् । गाउँघरमा रहेका मानिसहरू पनि हिउँदको समयमा देखिने खानेपानी समस्याको दीर्घकालिन समाधानको खोजीमा बसेका छन् ।


इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५
जि.प्र.का.द.नं. २९२१/०७३/७४
पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np


### तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

# निरीहा हैन, प्रतिस्पर्धामा उत्रिने महिला !

तथ्यांकमा त राज्यका सबै अंगमा महिलाहरूको सहभागिता त देखियो तर निर्णय प्रक्रियामा नै नेतृत्व लिने काम न त पुरुषले दिन चाहे न महिला नेतृत्वले खोस्न नै सक्यो। यो अवसर अबको निर्वाचनमा छ। महिला महिला भिड्नेभन्दा पनि क्षमतावान महिला प्रतिस्पर्धामा उत्रिनै पर्छ, भिड्नै पर्छ।कतिञ्जेल निरीहा बनेर अर्काले दिएको भाग थापेर बस्ने? स्थानीय तहदेखि संघसम्म सक्षम र क्षमतावान महिलालाई प्रतिस्पर्धामा आउने वातावरण सिर्जना गर्न काम नेपालका ठुला राजनीतिक दलहरूले पनि गर्नै पर्छ। समाजको विकासका लागि महिला र पूरूषको उत्तिकै भूमिका हुन्छ। महिला र पूरूष दुबैको विकासविना राष्ट्रको विकास पनि सम्भव छैन। नेपालमा महिलाहरूले महत्वपुर्ण अबसर पाइरहदा पनि पितृसतात्मक चिन्तनका कारण रूमल्लिएका र नितान्त व्यक्तिगत आरक्षणको रूपमा मात्र प्रयोग भइरहेको छ । गणतान्त्रिक नेपालका पहिलो प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वमा गठित मन्त्रिमण्डलमा महिलाको उपस्थिति जम्मा १६.६७ प्रतिशत मात्रै थियो। त्यसवेलाको २४ सदस्यीय मन्त्रिमण्डलमा जम्मा चारजना महिला मात्रै मन्त्री बने । त्यसपछि माधवकुमार नेपाल, झलनाथ खनाल र बाबुराम भट्टराई नेतृत्वको सरकारमा मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरु गरेर क्रमशः ११.६३, २० र २४.५ प्रतिशत महिलालाई मन्त्री बन्ने अवसर जुऱ्यो। यो अवसर केवल महिलालाई सहभागिताको रूपमा मात्र लिएको देखिन्छ। महिलाहरु क्षमतावान हुदाँहुँदै पनि अवसरबाट बञ्चित भएको देखिन्छ। २०६२/०६३ को जनआन्दोलनमा महिलाहरूको सहभागिता उल्लेख्य रूपमा रहेको थियो।



- रोशनी अधिकारी

तथ्यांकमा त राज्यका सबै अंगमा महिलाहरूको सहभागिता त देखियो तर निर्णय प्रक्रियामा नै नेतृत्व लिने काम न त पुरुषले दिन चाहे न महिला नेतृत्वले खोस्न नै सक्यो। यो अवसर अबको निर्वाचनमा छ ।

२०६४ चैत २८ गते नेपालमा पहिलोपटक संविधानसभा निर्वाचन सम्पन्न भयो। बहुप्रतीक्षित संविधानसभाको निर्वाचनमार्फत तत्कालीन विद्रोही समूह नेकपा माओवादी ठूलो पार्टीको रूपमा उदायो। त्यसैगरी दोस्रो र तेस्रो ठूलो पार्टीका रूपमा कांग्रेस र एमाले आए। त्यतिबेला निर्वाचित र मनोनीत गरी जम्मा ६ सय १ सभा संविधानसभा सदस्यमा १ सय ९७ जना महिला थिए। यो कुल संख्याको ३२.७८ प्रतिशत हो । २०७० मंसिरमा भएको दोस्रो संविधानसभा निर्वाचनमा कुल ६ सय एक संविधानसभा सदस्य मध्ये १ सय ७९ जना महिला थिए। यसरी संविधानसभाको निर्वाचनपछि संसदमा न्यूनतम ३३ प्रतिशतको हाराहारीमा महिला सहभागिता पुऱ्याउने प्रयत्न त गरियो, तर त्यसको गुणात्मक उपस्थितिमा भने त्यति जोड दिइएन। विधायिकी अधिकार भएपनि महिलाहरूलाई नेतृत्व र कार्यकारी भुमिकामा अगाडि सारिएको देखिएन।

देशमा एकै वर्षमा प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तह गरी तीन ठूला निर्वाचनहरु सम्पन्न भए। प्रतिनिधिसभाको निर्वाचनमा प्रत्यक्षमा ६ जना र समानुपातिकमा ८४ गरी जम्मा ९० जना महिलाले सांसद भए। त्यसैगरी प्रदेशसभामा प्रत्यक्षमा १७ र समानुपातिकमा एक सय ७२ गरी १ सय ८९ जना महिला प्रदेश सांसद बन्न सफल भए। राष्ट्रियसभामा भने २१ जना महिला मात्र सांसद थियो । महिला सहभागिताको हिसाबले हेर्दा स्थानीय निर्वाचनले स्थानीय स्तरमै महिलालाई राजनीतिक जागरण छऱ्यो। स्थानीय तह निर्वाचनमा देशभर सात प्रमुख, दुई सय ७६ उपप्रमुखसहित अन्य विभिन्न पदमा गरी जम्मा १४ हजार ३ सय ८ जना महिला विजयी भए। यो कुल संख्याको ४०.९० प्रतिशत भए पनि महिलालाई उपप्रमुखमै सीमित राख्ने नियत राजनीतिक दलहरूले देखाए। तथ्यांकमा राज्यका सबै अंगमा महिलाहरूको सहभागिता त देखियो तर निर्णय प्रक्रियामा महिला नेतृत्वले नै नीति निर्माणको निर्णय गरी नीति कार्यन्वयनमा लगेको देखिएन। यो अवसर अबको निर्वाचनमा अवलम्बन गरौं। क्षमतावान महिलालाई प्रतिस्पर्धामा उत्रिने मौका दिऔं जसले विश्वमा नेपाली महिलालाई चिनाउने थप अवसर प्रदान गर्नेछ ।

विश्वको पछिल्लो अवस्थामा सक्षम महिलाको नेतृत्वमा कार्यकारी प्रमुखको भुमिका निर्वाह गर्दा सफल र उत्कृष्ट व्यवस्थापन गरेको उदाहरण न्युजिल्याण्ड हो। न्युजिल्याण्डमा महिला प्रधानमन्त्री भएको र अहिले विश्वव्यापी महामारी होस् या अन्य आर्थिक मन्दी लगायतका समस्या देखिदा पनि उत्कृष्ट सरकार सञ्चालन गरी सफल भएको उदाहरणको रूपमा देखिएको छ। हालका बंगलादेशकी प्रधानमन्त्री शेख हसिना पनि सफल प्रधानमन्त्रीमा दरिएकी छन्। विगतमा पनि यी र यस्तै खालका थुप्रै उदाहरणहरु महिलाले देशको कार्यकारी प्रमुखको रूपमा रही कामकाज गरी सफलता हाशिलता गरेका उदाहरणहरु देखिएका थिए। जस्तै भारतमा ईन्दिरा गान्धी, श्रीलंकन प्रधानमन्त्री सिरिमाओ वन्दरानाइके लगायतका थुप्रै उदाहरणहरु पाइन्छन्। अब नेपालमा पनि कार्यकारी प्रमुखको रूपमा स्थानीय तहदेखि संघसम्म सक्षम र क्षमतावान महिलालाई प्रतिस्पर्धामा आउने वातावरण सृजना गर्न नेपालका ठुला राजनीतिक दलहरूले सोच्नु पर्ने बेला आएको छ।

नेपालको सन्दर्भमा महिला आन्दोलनको इतिहास हेर्ने हो भने योगमाय न्यौपानेले १९८९ असार ३१ मा लिएको जलसमाधि विद्रोहलाई महिला आन्दोलनको थालनीको रूपमा लिन सकिन्छ। २००३ सालमा रेमन्तकुमारी आचार्यको अध्यक्षतामा आदर्श महिला समाज भारतको जयनगरमा गठन भएको थियो। २००४ सालमा मंगलादेवी सिंहको अध्यक्षतामा काठमाडौंमा नेपाल महिला संघको गठन भयो। आदर्श महिला समाज र नेपाल महिला संघ दुवै संगठनले राणाशासन र समाजमा व्याप्त बालविवाह र अशिक्षाविरूद्ध दबाब दिने कामको थालनी गरे। यो ईतिहासले महिलाको सशक्तिकरण र सामाजिक लडाईमा उल्लेखनीय भुमिका रहेको पाइन्छ ।

यसैगरी २०१५ सालको पहिलो प्रतिनिधिसभाको निर्वाचनमा एक सय पाँच स्थानका लागि १५ जना महिला उमेदवार भएकोमा द्वारिकादेवी ठकुरानी मात्रै निर्वाचित भई नेपालको इतिहासमा पहिलो महिला मन्त्री बनेकी थिइन्। नेपालको मन्त्रिपरिषद्रूमा महिलाको प्रतिनिधित्वको सुरूवात यही थियो र पञ्चायती शासन व्यवस्थामा निर्माण भएका मन्त्रिपरिषद्हरूमा एकजना भन्दा बढी महिलामन्त्रीको सहभागिता भएको पाइदैन। महिला सहभागिताको सरकार संचालन र राजनीतिले कहिल्लै टिकाउ र स्थिर हुदैन भन्ने तथ्यलाई स्वीकार गर्ने खोजिएको देखिन्थ्यो तर त्यो यथार्थता नभएको महिलाको निरन्तर प्रयास र खवरदारीले समाज र राजनीतिमा महिलाहरु स्थापित भएकै देखिन्छ। संसद् सचिवालयको तथ्यांकअनुसार नेपालमा विभिन्न आमनिर्वाचनपछि महिला सांसदको प्रतिनिधित्व बढ्दै गएको पाइन्छ। जसअनुसार २०१५ मा ०.९२ प्रतिशत, २०४८ मा ३.४१ प्रतिशत, २०५१ मा ३.४१ प्रतिशत, २०५६ मा ५.७३ प्रतिशत, २०६४ मा ३३ प्रतिशत र २०७० मा २९.९ प्रतिशत रहेको पाइन्छ।



२०६२/६३ को जनआन्दोलनको सफलता पश्चात निर्माण भएको तीन सय ३० सदस्यीय अन्तरिम संसद्मा ५७ जना महिला सदस्य रहेका थिए। यो कुल संख्याको १७.३ प्रतिशत हो। संसद्मा भएका तीनबुँदे निर्णयले महिलालाई राजनीतिक अवसर जुटाउन महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। राज्यको हरेक निकायमा महिलाको ३३ प्रतिशत सहभागिता हुनुपर्ने, महिलासम्बन्धी विभेदपूर्ण कानुनको खारेजी हुनुपर्ने र आमाको नामबाट नागरिकता पाउनुपर्ने बुँदा राजनीतिमा मात्रै नभई निर्णायक तहमा पनि महिला सहभागिता वृद्धि गर्न महत्वपूर्ण मानिन्छ। अब महिलाहरु सहभागिता र आरक्षण मात्र भएर पुग्दैन। सक्षम र क्षमतावान महिलालाई राजनीतिदेखि राज्यका सबै तहमा प्रतिस्पर्धा गर्ने अवसर प्रदान दिनुपर्छ, महिलाको नेतृत्वलाई सहज रूपमा स्वीकार गर्ने

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
आज धार्मिक सामाजिक कार्यमा विशेष रूचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
आज सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । चिताएको कामले तीव्रता लिनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
नोकरी गर्नेले मानसम्मान पाउने छन् । लाभदायक भेटघाटलाई नकार्न सकिदैन ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । दाम्पत्य जीवनमा एक किसिमको निरासा आउन सक्छ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
रमाइलो र खानपिनको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
सभा समारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको काम सम्पादन हुनसक्छ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
आफन्तसँग मनमुटाव बढ्ला । खानपिनमा सावधानी अपनाउनु पर्नेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
आज रोकिएका कमहरूले चिन्ता बढाउनेछ । पठनपाठनमा ध्यान केन्द्रित नहुनसक्छ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । नयाँ कार्य योजना पनि बन्नेछ

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
आजको दिनमा दिन भोजभतेरमा सहभागी हुनुपर्ला । हाँसखेल र मनोरञ्जनपूर्ण समय हो ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । शुभकार्यको चर्चा चल्नेछ

# महोत्सवका नाममा जुंगा .........

श्रेष्ठले बताएका छन् । 'आर्थिक, व्यवसायिक, कृषि, पर्यटन तथा खेलकुद विकासका पूर्वाधार, शुक्लागण्डकी महोत्सव समृद्ध शुक्लागण्डकीको आधार' भन्ने नाराका साथ महोत्सव सञ्चालन गर्न लागिएको र यो महोत्सव समग्र शुक्लागण्डकीका व्यवसायी, उद्योगीका साथै नगरबासिको हितमा नै महोत्सव आयोजना गरिएको अध्यक्ष श्रेष्ठले बताएका छन् ।

'शुक्लागण्डकी-६ को खैरेनीटार बजारमा गत पुस १२ देखि २५ गतेसम्म महोत्सव सञ्चालन गर्ने गरी निर्णय गरेका थियौ । तर, कोरोनाको तेश्रो लहर संक्रमण फैलिएसंगै स्थगित गरियो । फागुन महिनामा महोत्सव गर्ने तयारी भइराख्द अन्यत्र पनि मेला महोत्सव आयोजना हुँदा जुध्न गएका कारण सञ्चालन गर्न सकिएन', अध्यक्ष श्रेष्ठले भने, 'चैतको पहिलो साता गर्ने तयारीमा थियौं आठौ तनहुँ महोत्सवको मिति सार्वजनिक भएपछि हामीले चैत्र २४ देखि वैशाख ५ गतेसम्म महोत्सव सञ्चालन गर्ने गरी तयारी अगाडि बढाएका छौं, यसमा हाम्रो कसैसंग विवाद छैन ।'

महोत्सव सञ्चालनका लागि वडा कार्यालय, नगरपालिकाबाट समेत अनुमति प्राप्त भएको र महोत्सव सञ्चालन अबधि भर सुरक्षा व्यवस्थापनका साथै महोत्सव सञ्चालनको अनुमति समेत जिल्ला प्रशासन कार्यालय तनहुँबाट फागुन २५ गते प्राप्त भएको अध्यक्ष श्रेष्ठले बताए।

एकै ठाउँमा दुईवटा महोत्सव सञ्चालनको विषयमा जिज्ञासा राख्दा अध्यक्ष श्रेष्ठले भने, 'नगरस्तरीय उद्योग वाणिज्य संघको हिसावले हामी समग्र नगरपालिकालाई समेटेर महोत्सव सञ्चालन गर्ने तयारीमा जुटेका छौ। बिगतमा पनि हामीले महोत्सव सञ्चालन गरेको हो । चैते दशै खैरेनीटार महोत्सवको शुरूवात गर्ने पनि म आफै भएकाले हामी समग्र व्यवसायी तथा नगरबासीको हितमै यो महोत्सव आयोजना गरेका छौं । अहिले अर्को संस्थाले पनि यही मितिमा महोत्सव आयोजना गरी विवाद सृजना गर्नुभएको छ । हामी विभाजित होइन मिलेर एउटै महोत्सव गर्नुपर्छ भन्दै आएका छौं ।'

महोत्सव आयोजक दुबै पक्ष बीच एक चरणको छलफल भएपनि कुनै निष्कर्ष ननिस्किएको बताउँदै अध्यक्ष श्रेष्ठले भने, 'चैत्र १० गतेसम्म सहमतिका लागि आउनु भएमा उहाँहरूसंग हामी मिलेर अगाडि बढ्न तयार छौ । मिलेर पालैपालो गरौं, यदि मिल्न सकिदैन भने व्यवसायी र स्थानीयलाई हानि पुग्ने गरी विभाजित हुनुहुँदैन भन्ने हाम्रो भनाई छ ।'

'यदि, यस्तै विवाद रहने हो भने अहिले कुनै पनि संस्थाले मेला महोत्सव नगारौं र अर्को बर्षबाट कुन संस्थाले महोत्सव गर्ने भन्ने निर्णय अहिलेनै गरौं भन्ने पनि हाम्रो भनाई छ', अध्यक्ष श्रेष्ठले भने, 'अहिले महोत्सव नै गर्ने हो भने खैरेनीटार बजार व्यवस्थापन नामक संस्था खडा गरी कुनै अग्रजलाई संयोजक तोकि संयुक्त रूपमा महोत्सव गरौं । उद्योग वाणिज्य संघकै नाम जोडेर अहिले कुनै पनि मेला महोत्सव नगरौं भन्ने विषयमा पनि हामी तयार छौं।'

यता, दुबै संस्थाले खैरेनीटारमा महोत्सव सञ्चालनका लागि नगरपालिका र जिल्ला प्रशासन कार्यालयबाट अनुमति र स्वीकृति समेत पाइसकेका छन् । यसरी एउटै वडामा एकै मितिमा दुई वटा महोत्सव सञ्चालनका लागि अनुमित दिने नगरपालिकाको भूमिका विवदास्पद देखिएको स्थानीय बताउँछन् ।

शुक्लागण्डकी नगर उद्योग वाणिज्य संघ खैरेनीटार बजार इकाईले गत शुक्रबार खैरेनीटारमा पत्रकार सम्मेलन गरी महोत्सवका विषयमा जानकारी गराएको छ । पत्रकार सम्मेलनमा इकाई सभापति पूर्णबहादुर कायस्थले केहीले महोत्सव जुधाइ राजनीति गर्न खोजेपनि त्यो सम्भव नहुने बताएका छन् ।

उनले भने, 'आफुहरुले नगरपालिकाबाट स्वीकृति समेत लिसकेका छौ । बिगतदेखिनै हामीले खैरेनीटारमा महोत्सव आयोजना गर्दै आएको हो र अब पनि गर्दै जान्छौं। एघारौं संस्करणसम्म गरिएको खैरेनीटार महोत्सवको निरन्तरता स्वरूप नै शुक्लागण्डकी खैरेनीटार महोत्सव आयोजना गरिएको हो ।'

दुबै संस्थाले शुक्लागण्डकीको धार्मिक, पर्यटकीय स्थलसँगै स्थानीय कला सँस्कृति र कृषि उपजको प्रबर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गरेको दाबी गरेका छन् । खैरेनीटार बजार इकाई समितिले 'आर्थिक, सामाजिक, खेलकुदको विकास, कृषि तथा पर्यटनको प्रवर्द्धन, शुक्लागण्डकी खैरेनीटार महोत्सव कला, सीप र संस्कृतिको संरक्षण' भन्ने नारा तयार गरेको छ ।

यस्तै, बिगत ११औं संस्करणसम्म महोत्सव सञ्चालन गरेको साविक तनहुँ उद्योग वाणिज्य संघ खैरेनीटार बजार इकाईले महोत्सवको आयव्याय विवरण सार्वजनिक गरेपनि महोत्सवबाट भएको आम्दानीको रकम व्यक्तिले सञ्चालन गर्दै आएको आरोप लागेको छ । इकाईले मेला महोत्सवबाट करिब एक करोड रूपैया रकम जम्मा गरेको र सो रकम कसरी सञ्चालन भएको छ भन्ने विषयमा सार्वजनिक नगरेको आरोप लागेको छ ।

# निर्वाचन प्रचारमा विद्यालय, .....

आग्रहलाई भने आफूहरूले हाललाई कार्यान्वयन गर्न नसक्ने उहाँको भनाइ छ । निर्वाचनका समयमा विद्यालय बन्द हुने र सो क्रममा नाबालिगको प्रयोग नहुने भएकाले विद्यालयमा बुथ राखेर बालबालिकाको अधिकार हनन् नहुने सहायक प्रवक्ता अर्यालको तर्क छ । बाल संरक्षण र बालअधिकारमा क्रियाशील नागरिक संस्थाको राष्ट्रिय सञ्जाल बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)सहित विभिन्न संस्थाले आचारसंहितामा ती विषय समावेश गर्न गत महिना आयोगका पदाधिकारीलाई सुझाव दिएका थिए ।

सिजपका अध्यक्ष राजेश शर्माले निर्वाचन आचारसंहितामा पहिलो पटक दलहरूले प्रचारप्रसारका क्रममा विद्यालयको प्रयोग गर्न नपाइने व्यवस्था हुनु आफूहरूको आवाजको सुनुवाइ भएको बताउँदै यसको कार्यान्वयन पक्षमा जोड दिनुपर्छ भन्नुभयो । उहाँले आफूहरूले बालअधिकारबारे उठाएका अधिकांश माग सम्बोधन भएको जनाउँदै अनुगमनमा सघाउने बताउनुभयो ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ, नेपालका अध्यक्ष कृष्ण थापाले प्रचारप्रसारका क्रममा विद्यालय, शिक्षक र विद्यार्थीको प्रयोग गर्न नपाइने प्रावधान सकारात्मक भएको जनाउँदै निर्वाचनमा बुथ राख्दा त्यहाँ झै-झगडा र झडप हुनसक्ने भएकाले निर्वाचनमा प्रयोग भएका विद्यालयका कोठा र भौतिक सामानको बीमा वा क्षतिपूर्तिका लागि सोचिनुपर्ने बताउनुभयो ।

नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा ३१ को शिक्षासम्बन्धी हक, बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ७ मा शान्तिपूर्ण तथा बालमैत्री वातावरणमा पढ्न पाउने बालबालिकाको हकको व्यवस्था गरिएको छ। विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका-२०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि, हिंसा, दलगत राजनीति तथा अन्य हस्तक्षेप, भेद्भाव, दुर्व्यवहार, बेवास्ता र शोषणबाटमुक्त राख्ने व्यवस्था गरेको छ । विसं २०६३ मङ्सिर ५ को विस्तृत शान्ति सम्झौतापछि नेपाल सरकारले २०६८ जेठ ११ मा मन्त्रिपरिषद्बाट विद्यालय शान्ति क्षेत्रको अवधारणा पारित गरेको थियो।

बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ६६ अनुसार विद्यालयमा हुने त्यस्ता गतिविधि बालबालिका विरूद्धको कसुर हो । यो कसुरका लागि रू ७५ हजारसम्म जरिवाना र तीन वर्ष कैद हुनसक्ने प्रावधान छ। यस्तो काम नैतिक पतन हुने फौजदारी कसुर मानिएको छ । सिजपले जुलुस तथा कुनै पनि राजनीतिक क्रियाकलापमा बालबालिकाको प्रयोग नगर्न, कुनै पनि बहानामा विद्यालय बन्दजस्ता गतिविधि नगर्ने, हुन नदिने र शान्तिपूर्ण सुरक्षित तथा बालमैत्री वातावरणमा शिक्षण सिकाइको प्रत्याभूति गराउने वातावरण गराउन स्थानीय सरकारको पनि ध्यानाकर्षण गराउँदै आएको छ । तत्कालीन नेकपा (माओवादी)को सशस्त्र युद्धकालमा २०६० असोज २६ गते डोटीको मुढभरास्थित शारदा उच्च माध्यमिक विद्यालयमा विद्रोही पक्षको सांस्कृतिक कार्यक्रममा सुरक्षा निकायबाट भएको गोली प्रहारका क्रममा चार विद्यार्थीसहित दशको मृत्यु तथा केही विद्यार्थी घाइते भएपछि अधिकारकर्मीले बालबालिका शान्ति क्षेत्र र विद्यालय शान्ति क्षेत्रका लागि आवाज उठाउन थालेका थिए । रासस

# निरीहा हैन, प्रतिस्पर्धामा ......

परिपाटीको विकास हुनुपर्छ।

नेपालमा सती प्रथाको उन्मूलन भएसँगै महिलाहरूको अधिकार र स्वतन्त्रताको लागि पर्याप्त काम भएको पाइन्छ। जसको फलस्वरूप वर्तमानमा भएको परिवर्तन प्रत्यक्ष देख्न सकिन्छ। हाल आएर उल्लेख्य संख्यामा नेपाली महिलाहरु शिक्षित भएकी छिन्। महिलाहरु शिक्षा सेवा , स्वास्थ्य सेवा, न्याय सेवा, सुरक्षा र निजामतीमा मात्रै नभएर वैदेशिक रोजगारीमा समेत आफ्नो योगदान दिइरहेको पाइन्छ । सकारात्मक विभेदको माध्यमबाट नेपालको विभिन्न सरकारी सेवा तर्फ अपेक्षित सुधारहरु भएका छन्। त्यसको अलवा पनि महिलाहरूले विभिन्न कठिनाईहरूको अनुभुति गर्नु परेको छ। महिला विरूद्धका विभिन्न प्रकारका सामाजिक र सांस्कृतिक विभेदहरूको प्रभाव र परम्परागत तथा चुलोचौकोको बोझ न्युन गर्न नसक्दा पुरूष सरह प्रतिस्पर्धा गर्न कठिनाई हुनुका साथै गुणस्तरीय शिक्षाको अभाव लगायतका चुनौतिहरूको सामना गर्नु परेको छ।

विगतको दासताको युगबाट समय सापेक्ष परिवर्तन भइ एक्कीसौं शताब्दीमा महिलाहरूको सर्वाङ्गीण विकासको लागि सुनौलो मौका हुनुपर्छ। यसका लागि महिलाहरूले भाग्यको भर होइन संघर्ष गर्न जरूरी छ। २०७२ सालमा संविधानसभाबाट निर्माण गरिएको नेपालको संविधानको भाग ३ को धारा ३८ मा 'महिलाको हक' सम्बन्धी व्यवस्था गरिएको छ।

- प्रत्येक महिलालाइ लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ।
- प्रत्येक महिलालाइ सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी हक हुनेछ।
- महिला विरूद्ध धार्मिक सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसा जन्यकार्य वा शोषण गरिने छैन, यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडित लाइ कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।
- राज्यका सवै निकायमा महिलालाइ समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने छ।
- महिलालाइ शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा अवसर प्राप्त गर्ने हक हुनेछ ।
- सम्पित्त तथा पारिवारिक मामिलामा दम्पत्तीको समान हक हुने छ।

संविधानमा भएको महिला सम्बन्धी हक र अधिकारलाई सकारात्मक रूपमा लिदै महिलाको स्तरोन्नतीमा महत्वपुर्ण भुमिका रहनु पर्ने वेला हो। सक्षम महिला प्रतिस्पर्धामा र अन्य महिलालाई क्षमताको विकास गर्न सहभागितामुलक आरक्षणको व्यवस्था गर्दै महिलालाई अगाडि वढाउन सकिन्छ। महिला बिरूद्धका सबै प्रकारका बिभेद र हिंसाको अन्त्य गरी महिलाको हक तथा अधिकारको सुरक्षा गरी नीतिगत, कानुनी र संस्थागत सुधार गरी महिलाहरूमा भएको अर्न्तनिहीत क्षमतालाई बृद्धि गरिनुपर्दछ। सशक्तिकरणको सिद्धान्तले भन्छ व्यक्तिमा भएको शक्तिमा थप शक्ति थपिनुपर्दछ ताकी अझ सशक्त भएर निस्कियोस्। यसको लागि महिला सशक्तिकरणको अभियान आवश्यक छ। महिलाहरूमा व्यवहारिक निखारता ल्याउने कार्य गरिनुपर्दछ। जस्तो सिलाई कटाई गर्नेलाई अझ समय सापेक्ष बनाउने, व्युटिसियनहरूलाई नयाँ नयाँ प्रविधि र तरिकामा पोख्त बनाउने, उद्योग व्यवसायमा लागेकालाई नयाँ प्रविधि र तरिकाहरु अपनाई बजारसम्म जोड्ने जस्ता कार्यहरु गरिनुपर्छ।

नेपालमा महिला शसक्तिकरण र नेतृत्वमा महिला पुग्ने र पुऱ्याउने कुराको लामो चर्चा त गरियो। तर यतिले मात्र प्रयाप्त छैन। उनिहरूमा भएको सीप, क्षमता र प्रतिभाको प्रयोग गरी राज्यका हरेका निकायमा सहभागिता हुन जरूरी छ। शसक्तीकरणका नाममा सिलाई कटाई, व्युटी पार्लर, तालिम, उद्दमी आदि गतिविधिमा संलग्न गराउदैमा महिलाहरूमा पूर्ण रूपमा परिवर्तन हुन्छ भन्ने छैन। महिलाहरूमाथि हुने नीतिगत र व्यवहारिक विभेद र हेयको दृष्टिकोण हटाई आजको युगमा महिलाहरूको सर्वाङ्गिण विकास हुन जरूरी छ।

आजको विज्ञान प्रविधिको अवस्थामा पनि परम्परागत रूपमा रहेको जातीय विभेद, वालविवाह, लैङ्गिक असमानता, छोराको महत्व जस्ता मान्यताका कारण महिलाको अवस्थामा विकास हुन सकेको छैन। यो समाजमा रहेका विसंगतीहरूलाई निर्मल गर्दै अवको पालो नेपाली महिलाले राजनीति, सरकार र समाजको नेतृत्वदायी भुमिका निर्वाह गर्न सक्षम छन् भन्ने तथ्यलाई स्वीकार गरेर पहिलो अवसर स्थानीय तहको अबको निर्वाचनमा क्षमतावान र सक्षम महिलालाई पूरूष सरह प्रतिस्पर्धामा उत्रिने मौका दिई नेतृत्व गर्ने अवसर प्रदान गर्ने उपयुक्त वेला हो र बनाउनु पर्दछ। क्षमता कम भएका महिलालाई क्षमता अभिवृद्धि गर्दै क्षमतावान सक्षम महिला प्रतिस्पर्धाबाट चुनिएर सफल नेतृत्वको उदाहरण आजका महिलाले दिनुपर्दछ भन्ने आजको महत्वपुर्ण सवाल हो।

- आइएनएस-स्वतन्त्र समाचारबाट













हाम्रा उपलब्ध सेवाहरू :

१) डा. हेमन्त श्रेष्ठद्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ४) नेबुलाइजर (वाफ) सेवा ५) मुटुको इसिजि सेवा ६) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ७) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ८) अब्जरभेसन सेवा ९) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.

व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

ढोरवाराही डेण्टल केयरको सुचना

बिगत १८ वर्षदेखि अनवरत रूपमा सेवा दिंदै आएको यस ढोरवाराही डेण्टल केयर सेन्टरमा **दाँत, मुख तथा गिजा** सम्बन्धी कुनै पनि समस्या भएमा सम्पर्क गर्नुहोला । हामी सेवामा हाजिर छौं ।

ESTD. 2062

अध्यक्ष/सञ्चालक : भरत पोखेल

ढोरवाराही डेण्टल केयर सेन्टर

व्यास-४, दमौली, तनहुँ । सम्पर्क : ९८४६०६५१०२, ९८४६४७०४८०

पुनश्च : अफिस समय बिहान ८ देखि बेलुका ६ बजेसम्म ।

होलसेल अण्डा, दाना, चल्ला, भैसीको दाना, बंगुरको दाना, थोक तथा खुद्रा सुपथ मुल्यमा चाहिएमा हामीलाई सम्झनुहोस ।

प्रो. मान बहादुर श्रेष्ठ

दियालो स्टोर्स/अण्डा सप्लायर्स

मन्सुन इन्टरप्राईजेज

बागबजार-४, दमौली । फोन : ०६५-५६४२८२, ९८५६०६०२६१, ९८१४१५५५२८



जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४




**म्यादी प्रहरीमा आवेदन दिनेको भीड :** वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि जिल्ला प्रहरी कार्यालय तनहुँमा माग गरेको म्यादी प्रहरीमा आवेदन दिन लामबद्ध युवाहरू ।
*तस्बिर : निशा थापा मगर/भञ्ज्याङ*

# पर्यटन क्षेत्रमा पलाएको आस !

**रासस**/बलेवा

नेपाल भ्रमण वर्ष सन् २०२० घोषणा हुँदा बागलुङका पर्यटकीय क्षेत्रको व्यापक प्रचारप्रसार भयो । जिल्लामा नेपाल भ्रमण वर्षमा हजारौँ पर्यटक भित्र्याउने लक्ष्य थियो तर कोरोना महामारीका कारण देश प्रभावित हुँदा बागलुङ पनि स्वाभाविक हिसाबले प्रभावित भयो । राज्यको पुनःसंरचनापछि पहिलोपटक स्थानीय तहमा आएका जनप्रतिनिधि अधिकांशको मुख्य 'एजेण्डा' बनेको पर्यटन प्रवर्द्धनमा सहयोगी बन्दै गरेको नेपाल भ्रमण वर्षमा कोरोना महामारी बाधक बन्यो । दुई वर्षको अन्तरमा कोरोनाका विभिन्न भेरियन्टले असर परेको जिल्लाको पर्यटन क्षेत्र पुनः जुर्मुराउन थालेको छ ।

बागलुङ कालिका, पञ्चकोट, शालग्राम संग्रहालय, गलकोटस्थित मूर्तिकला कार्यशाला, ढोरपाटन शिकार आरक्ष, गाँजाको दह र हाँडीकोटको टापुमा भरिभराउ पर्यटक देखिन थालेका छन् । "आन्तरिक पर्यटनका लागि गाँजाको दहमा यस वर्ष गुराँस महोत्सव नै भयो", जैमिनी नगरपालिकाका उपप्रमुख लीला रानाले भन्नुभयो, "कोरोना मत्थर भएपछि पर्यटन प्रवर्द्धनको सुरूआत भएको छ ।"

जैमिनीकै हाँडीकोट टापुमा यस वर्षको फागु पूर्णिमा मनाउन सयौँ युवा पुगे । गुराँस फुलेर सिङ्गारिएको हाँडीकोटले लामो समयपछि आन्तरिक पर्यटक पायो।




"साथीसँग मिलेर होली खेल्न हाम्रो रोजाइ बन्यो हाँडीकोट", जैमिनी नगरपालिकाका लक्ष्मण पौडेलले भन्नुभयो, "सहरका पार्टी प्यालेसमा पुगेर गर्ने खर्च बच्यो, आफ्नै ठाउँमा गुराँससँग होली खेलियो।"

बागलुङ नगरपालिकाले आयोजना गरेको बृहत् स्वास्थ्य शिविरको उद्घाटन गर्न हालै बागलुङ आउनुभएका राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले पञ्चकोट, शालग्राम सङ्ग्रहालय र बागलुङ कालिका भगवती घुमेर फर्किनुभयो। लुम्बिनी गार्डेन फाउण्डेशनको सहयोगमा भएको शिविरमा आएका स्पेनका नौ चिकित्सकलाई पनि यहाँका पर्यटकीय क्षेत्र घुम्न यसपटक कोरोनाले छेकेन। संसारकै लामो दाबी गरिएको बाङ्गेचौर–अदुवारी भोलुङ्गेपुल पुगेका स्पेनी नागरिक त लामो पुल देखेर दङ्ग परे । पुलमा बिदाको दिन सयौँ र अरू दिनमा पनि धेरै पर्यटक पुग्ने गरेका छन् ।

जिल्लाका विभिन्न कार्यक्रममा सहभागी हुन यहाँ आउनुभएका गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले शुक्रबार ढोरपाटन शिकार आरक्ष घुम्नुभयो । बागलुङ बजारबाट ढोरपाटनसम्म पुगेका पोखरेलले गलकोट, बडिगाड, काठेखोला र बागलुङ नगरभित्रका अधिकांश पर्यटकीय क्षेत्र घुम्न भ्याउनुभयो । उहाँले प्रदेशको समृद्धिसँग ढोरपाटन शिकार आरक्षलाई जोड्नुपर्ने बताउनुभयो ।

शुक्रबार जिल्लाका विभिन्न कार्यक्रममा सहभागी हुँदै उहाँले नेपालको एकमात्र शिकार आरक्षका रूपमा रहेको ढोरपाटन स्वदेशमा मात्रै नभएर विदेशमा पनि चासो र चर्चा पाएको स्थल भएकाले यसलाई प्रदेशको समृद्धिसँग जोड्नुपर्ने बताउनुभयो । तर कुन कार्यक्रमले समृद्धि आउने भन्ने खुलाउनुभएन । संघीय सरकारको स्वामित्वको ढोरपाटनमा समृद्धिको योजना ल्याउने अधिकार पनि संघमै छ ।

फागुनको दोस्रो सातायता बागलुङका विभिन्न पर्यटकीयस्थल र घरबासमा देखिएका पर्यटकले फेरि पर्यटन क्षेत्र जुर्मुराइरहेको सङ्केत गरेका छन् । "लामो समय हामीले हात बाँधेर बस्यौँ, अब त्यो दिन नआओस्", अतिथि सत्कार सामुदायिक घरबासका सञ्चालक यामबहादुर थापाले भन्नुभयो, "कोरोनाले थला परेको व्यवसाय अब फेरि उठ्ने तयारीमा छ ।" यहाँका सबै स्थानीय तहले पर्यटकीय क्षेत्रको पुनःउत्थानका लागि लगानी र वातावरण तयार गर्नुपर्ने सर्वसाधारणको माग छ ।

# स्याङ्जामा निर्वाचनको चतहलपहल बढ्यो

**तोलाकान्त बगाले**/वालिङ

आगामी वैशाख ३० गते स्थानीय तहको निर्वाचनको मिति घोषणा भएसँगै स्याङ्जामा निर्वाचन लक्षित चहलपहल बढेको छ । जिल्लामा क्रियाशील रहेका दलहरूले आगामी निर्वाचनमा जनमत आफ्नो पक्षमा पार्दै पार्टीलाई विजयी बनाउनका लागि वडा वडामा चुनावी गतिविधि अगाडि बढाएका हुन् । विभिन्न राजनीतिक दलहरूले एघार पालिका र ९७ वडा रहेको स्याङ्जामा वडा/वडामा सङ्गठन विस्तार गर्ने, अन्तक्रिया छलफल गर्ने, सम्पर्क कार्यालय स्थापना गर्ने, प्रशिक्षणमूलक कार्यक्रम सञ्चालन गर्ने र टोल समिति गठन गर्ने जस्ता कार्यलाई तीव्रता दिएका छन् । नेपाली कांग्रेसको केन्द्रीय कार्यक्रम अनुसार पार्टीले आगामी स्थानीय तहको निर्वाचनलाई लक्षित गरेर 'घर–घर जाऔं, कांग्रेस जिताऔं' अभियान सञ्चालन गरेको छ ।

एघार वटै स्थानीय तहका ९७ वटै वडाका टोल–टोलमा प्रतिनिधि खटाइएको काँग्रेस स्याङ्जाका उपसभापति केदार काफ्लेले बताउनुभयो । "नेपाली कांग्रेस स्याङ्जाको बैठक बसेर जिल्लाका ९७ वटै वडामा टोल भेला तथा प्रशिक्षणका लागि प्रतिनिधि खटाइसकेका छौँ", उहाँले भन्नुभयो, "अहिले टोल–टोलमा समिति गठन, छलफल, अन्तक्रिया तथा प्रशिक्षणका कार्यक्रम सञ्चालन भइरहेका छन्।"

**जिल्लामा क्रियाशील रहेका अन्य राजनीतिक दलहरूले पनि संगठन विस्तार गर्ने, प्रशिक्षणमूलक कार्यक्रम सञ्चालन गर्ने कार्य अगाडि बढाएका छन् ।**

वडा–वडामा सम्पर्क कार्यालय वा पार्टीको वडा कार्यालय स्थापना गरेर आवश्यक समन्वय, सहयोग तथा अनुगमन गर्ने गरिएको उपसभापति काफ्लेले जानकारी दिनुभयो । स्थानीय तहको निर्वाचनलाई लक्षित गरेर 'घर–घर जाऔं, कांग्रेस जिताऔं अभियान अन्तर्गत स्याङ्जामा केन्द्रीय प्रतिनिधिका रूपमा कांग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेललाई खटाएको छ । जिल्लाका सबै स्थानीय तहमा आयोजना हुने कार्यक्रममा केन्द्रीय प्रतिनिधि सहभागी हुनेगरी कार्यक्रम तय गरिएको उपसभापति काफ्लेले बताउनुभयो ।

त्यस्तै (नेकपा एमाले) स्याङ्जाले टोल–टोलमा भेलाको आयोजना गरी टोल कमिटी गठनलाई तीव्रता दिएको छ । पार्टीले टोल भेला गर्ने, कमिटी निर्माण गर्ने, जनवर्गीय संगठन, वडा कमिटी र वडास्तरीय निर्वाचन परिचालन कमिटी गठनका कार्यक्रम सञ्चालन गरिरहेको नेकपा (एमाले) स्याङ्जाका अध्यक्ष सूर्यप्रसाद गैह्रे पारसले जानकारी दिनुभयो । "आगामी स्थानीय तहको निर्वाचनमा पार्टीलाई विजयी बनाउनका लागि अभियान नै सञ्चालन गरेका छौँ", उहाँले भन्नुभयो, "अब स्थानीय तह केन्द्रीत प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रम अगाडि बढाउँछौं ।"

जिल्लामा क्रियाशील रहेका अन्य राजनीतिक दलहरूले पनि संगठन विस्तार गर्ने, प्रशिक्षणमूलक कार्यक्रम सञ्चालन गर्ने कार्य अगाडि बढाएका छन् । जिल्लामा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा ( माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), राप्रपा, राष्ट्रिय जनमोर्चालगायत पार्टी सक्रिय रहेपनि विशेषगरी नेपाली कांग्रेस र नेकपा एमालेबीच प्रतिस्पर्धा हुने गरेको छ। यसअघिको स्थानीय तहको निर्वाचनमा सात वटा पालिकामा नेकपा एमाले विजयी भएको थियो भने चार वटामा नेपाली कांग्रेस विजयी भएको थियो ।

## facebook twitter



**वशिष्ठ**
twitter.com/bishnuarg1
छोरीको विवाह एक इमान्दार केटासँग भयो भने बाबुआमालाई वृद्धावस्थामा केयरगर्ने अर्को एउटा छोरा मिल्छ, साथै घरमा एक शिक्षित सस्कारी बुहारी भित्रिइन भने त्यो घरमा छोरीमात्र होइन लक्ष्मीको समेत आगमन हुन्छ! नारी प्रकृतिहुन व्यवहारमा जस्तो विज रोपिन्छ त्यस्तै फल फल्छ !



**विपना**
twitter.com/bipana02
जिवनमा अनेक मान्छे भेटिनुमा कुनै न कुनै कारण त पक्कै हुन्छ कसैले तिमिलाइ पाठ सिकाएर जान्छन भने कसैले तिमिमा लुकेको गुण/अबगुण निकालेर तिमिलाइ देखाइदिन्छन ।



**नेपाली नागरिक**
twitter.com/RBGhartiMagar
विश्वको उच्च शिखर सगरमाथाको देशमा बस्ने हामी नेपालीलाई खुशी हुन ठूलो कुरो नै चाहिदैन बस एक आपसमा सद्भाव, विश्वास, आत्मीयता, भरोसा र ईमान्दारीता भए पुग्छ । त्यसैले त दक्षिण एशियामा हामी सबैभन्दा खुशी रहेछौं ।



**सुष्मा आचार्य**
twitter.com/acharya_susma
आज जुत्ता लगाउने, मिठो खाने, राम्रो लगाउने, हैसियत भयो भन्दैमा चप्पल लगाएका, नमिठो खाएको, टालेर सिलाएर लगाएका ती दिनहरु कहिलै नभुलौ किनकी बिगत छर्लङ्ग देखिन्छ भबिष्य त कल्पना मात्र हो ।



**सफल**
twitter.com/sppaudel9
ठूलो चापिको झुप्पो लिने मान्छे देख्दा निकै धनी, सम्पत्ति वाला र उ धेरै ठूलो मान्छे हो जस्तो लाग्थ्यो। तर यथार्थ त एउटै चापिले सब्बै सफलताको ढोका खोल्ने र बन्द गर्ने रैछ, अरू चापी त धैर्यता परिक्षण गर्ने, मेहनतको सुचक रहेछ्न ।

# ९३ प्रतिशत नेपालीले लगाए कोभिडविरुद्धको खोप

**रासस**/काठमाडौं

हालसम्म ९३ प्रतिशत नेपालीले कोभिड–१९ विरूद्धको खोप लगाइसकेका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार १८ वर्षमाथिको कूल जनसंख्यामध्ये एक करोड ८४ लाख ९८ हजार १६० जनालाई कोभिडविरूद्धको खोपको कम्तीमा एक मात्रा दिइएको हो । यस्तै पूर्ण मात्रा खोप लगाउनेको संख्या भने एक करोड ६१ लाख ८४ हजार ८५८ रहेको छ। यो कूल लक्षित जनसंख्याको ८१.२ प्रतिशत हो । साथै १२(१७ वर्ष उमेर समूहका ३१ लाख १८ हजार ७८५ (९१ प्रतिशत) जनाले पहिलो मात्रा खोप लगाइसेका छन् । १८ वर्षमुनि पूर्ण मात्रा खोप लगाउनेको संख्या २३ लाख ११ हजार ९९८ (६७ प्रतिशत) रहेको छ ।

मन्त्रालयका अनुसार यही चैत ४ गतेसम्ममा सबै उमेर समूहमा कूल तीन करोड ९२ लाख २३ हजार ९४१ मात्रा खोप प्रदान गरिएको छ । जसमध्ये एक करोड ८६ लाख ९५ हजार ८२६ पहिलो मात्रा, एक करोड ८६ लाख ९८ हजार ५९५ दोस्रो मात्रा र १८ लाख २९ हजार ५२० मात्रा बुस्टर डोज प्रदान गरिएको हो ।

नेपाल सरकारले भेरोसेल, कोभिशिल्ड, अस्ट्राजेनेका, मोडर्ना, फाइजर र जोन्सन खोप प्रदान गर्दै आएको छ। केही मात्र अनुदान सहयोग तथा अरू केही खरिद गरेर सरकारले कूल चार करोड ७८ लाख ८२ हजार ८०० मात्रा खोप प्राप्त गरेको थियो । नेपालमा हाल तीन हजार ९९६ सक्रिय कोभिड संक्रमित रहेका छन् । कोभिड संक्रमण सुरू भएदेखि नेपालमा गरिएका कूल परीक्षणमा ११ लाख १८ हजार १८० जनालाई कोभिड पोजिटिभ देखिएको र यसमध्ये नौ लाख ६२ हजार १७३ जनाले कोभिडलाई पराजित गरेका छन् । यस संक्रमणबाट ११ हजार ९५० जनाको मृत्यु भएको छ ।

नेपाल सरकारले २०७८ चैतसम्ममा १८ वर्षमाथिका सबैलाई कोभिडविरूद्धको खोप लगाउने लक्ष्य लिएको छ । 'शतप्रतिशत खोप'को लक्ष्य पूरा गर्न अब सात प्रतिशत जनसङ्ख्यालाई मात्र खोप लगाउन बाँकी रहेको छ । १८ वर्षमुनिको उमेर समूहमा पनि पूर्ण मात्राको खोप पाउन अब नौ प्रतिशत जनसंख्या मात्र बाँकी छ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
E-mail : bhanjyangdml@gmail.com,
www.bhanjyangnews.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
**कार्यालय :** ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४